तेह्रौं गाउँसभामा गाउँपालिका अध्यक्ष **श्री विश्वनाथ पौडेलद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

*आँधीखोला गाउँपालिका*

*गाउँकार्यपालिकाको कार्यालय*

*कृषि, स्याङ्जा*

*मितिः २०८० असाढ ७ गते*

**आँधीखोला गाउँपालिकाको सम्मानित तेह्रौ गाउँ सभामा उपस्थित सभाको उपाध्यक्ष ज्यू, सभा सचिव ज्यू, सभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु र आँधीखोलावासी आमा बुवा,दाजु भाई दिदी बहिनी लगायत देश विदेशमा रहेर हामीलाई प्रत्यक्ष प्रशारण मार्फत सुनिरहनु देखिरहनु भएका सम्पुर्ण महानुभावहरु**

सर्वप्रथम,

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि आफ्नो जिवन आहुति गर्नुहुने सम्पूर्ण महान् शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा घाईते योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिम देशको संघीय प्रादेशिक र स्थानीय सरकारहरु क्रियाशिल रहेका छन । संविधानले सुनिश्चित गरेका प्रावधानलाई कार्यान्वयनमा लैजादै २०७९ सालमा स्थानीय तहको दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई तपाई हामीले आँधीखोला गाउपालिका स्थानीय सरकारको जिम्मेवारी बहन गरेको पनि एक वर्ष पुरा भई सकेको छ ।हामी आज आँधीखोलावासी आम समूदायको समुन्नति र प्रगतिको रेखांकन गर्न यस सम्मानित तेह्रौ सभामा उपस्थित भएर स्थानीय सरकारको नीति तथा कार्यक्रम बनाउने मात्र नभएर आफ्ना लागि आफ्नै कानून बनाई कार्यान्वयन गर्ने उच्चतम अभ्यासमा क्रियाशिल छौ । यस सन्दर्भमा म राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने आँधीखोलावासी अग्रज महानुभाव लगायत सिंगो राष्ट्रको अगुवाई गर्नुहुने नेतृत्व एवं व्यक्तित्वहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि गाउँ-गाउँमा सिंहदरवार भन्ने नारालाई बास्तविकतामा सिंहदरबारमा रहेका अधिकार र जनजिविकाको सवालहरुलाई आम समूदायले अनुभुति गर्न सक्ने गरी स्थापित गराउने गहन र चुनौतिपूर्ण दायित्व आज हाम्रो काँधमा रहेको छ । सिमित श्रोत साधनबाट असिमित रुपमा रहेका जनआकांक्षालाई पुरा गर्ने चुनौतिहरुलाई अवसरको रुपमा उपयोग गर्दै अगाडि बढ्नु हाम्रो प्रमुख लक्ष्य रहेको छ ।स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गर्दै सम्वृद्धिको अभियान संचालन गर्ने महत्वपूर्ण जिम्मेवारिका साथ हामी उपस्थित भएका छौ ।सार्वभौमसत्ता जनतामा निहित रहेको वर्तमान संविधानको संरक्षण र कार्यान्वयन हाम्रो साझा दायित्व हो ।आँधीखोला गाउँपालिकाको जातिय, धार्मिक, भाषिक, सांस्कृतिक विविधतालाई आत्मसाथ गरी सामाजिक सांस्कृतिक समानता र सहिष्णुतामा आधारित समाजको निर्माण गर्ने संकल्प गर्दै संविधानको मूल मर्म बमोजिम शासकीय जिम्मेवारी राजनीतिक दायित्व अनुसार सहअस्तित्वमा आधारित संघीय प्रादेशिक तथा स्थानीय तह संगको समन्वयमा **हाम्रो परिकल्पना समुन्नत पालिकाको स्थापना** भन्ने अभियानका साथै **सम्बृद्ध नेपाल सुखी नेपालीको** राष्ट्रिय आकांक्षालाई समेत टेवा पुर्याउने दायित्व हामीमा रहेको छ ।

हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निर्धारित छ लक्ष्यहरु किटान गरिएको छ, नीति तथा कार्यक्रम आँधीखोलाको आवश्यकता, जनताको चाहना र पालिकाको दिर्घकालीन विकासको लक्ष्यमा आधारित छन्। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार संचालन ऐन र कार्यविधिले दिएको मार्गदर्शनलाई मुख्य आधार बनाएर नीति तथा कार्यक्रम तय गरिएको छ । जनताले आफ्ना आवश्यकताहरुलाई संबोधन गर्ने योजनाहरु आफ्नै सहभागिताबाट छनौट गर्न सकुन् भन्ने उद्देश्यले सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवधारणा अनुरुप स्थानीय तहका गाउँ बस्ती टोल हुदै वडा समिति र विषयगत समितिहरुका बैठक, राजनीतिक दल, शिक्षक, विद्यार्थी, कृषक, समाजसेवी, आम बुद्धिजीवि र विषय विज्ञ सहितको छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावहरुको आधारमा आगामी आ.व. २०८०/०८१ को लागि नीति तथा कार्यक्रम तय गरिएको छ ।कार्यपालिकाको बैठकबाट पारित गरी प्रस्तुत नीति तथा कार्यक्रम आँधीखोला गाउपालिकाको यस सम्मानित तेह्रौ गाउँ सभा समक्ष पेश गरेको छु ।

**"कृषि पर्यटन समुन्नत आँधीखोलाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"** भन्ने परिकल्पनालाई सार्थक तुल्याउन प्रस्तावित नीति तथा कार्यक्रमले **हाम्रो लक्ष्य हाम्रो समूदाय सीप मूलक सक्षम र दक्ष** भन्ने अभियानलाई सार्थक तुल्याउन साथै हाम्रो राष्ट्रिय अभियान सुखी नेपाली सम्मृद्ध नेपाल निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

यस सम्मानित तेह्रौ गाउँ सभा सदस्य ज्यूहरु,

गाउँपालिका स्थापना देखि हालसम्म आईपुग्दा विगतका नीति तथा कार्यक्रमले हामीलाई समुन्नत आँधीखोला निर्माणमा प्रशस्त आधारहरू प्रदान गरेको छ । हामी सुविधा सम्पन्न प्रशासनिक भवनमा रहेर सेवा गर्ने अवसर पाएका छौ । वडा तथा विषयगत कार्यालय, विद्यालय वा अन्य भवन निर्माण र भौतिक पूर्वाधारले महत्वपूर्ण फड्को मारिरहेको सन्दर्भमा आगामी वर्षको नीति तथा कार्यक्रममा क्रमागत आयोजनालाई निरन्तरता र कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथामिकतामा राखेर नीति तथा कार्यक्रम तय गर्नु आम समूदायको माग र चाहाना समेत रहेको छ। हामीलाई यस क्रममा प्रत्यक्ष सम्वाद, भेटघाट, अन्तरक्रिया, टेलिफोन, ईमेल मेसेन्जर वा अन्य माध्यमबाट प्राप्त महत्वपूर्ण सुझावहरु प्रदान गर्नु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त सुझावहरु समेतालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८०/०८१ का वार्षिक नीति तथा कार्यक्रम यो सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरू,**

उल्लेखित क्षेत्रगत नीतिहरु तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौ पञ्चवर्षिया योजना, संघीय सरकारका क्षेत्रगत नीतिहरू, दिगो विकासका लक्ष्य, संघीय र प्रदेश सरकारले आगामी आ.व. को बजेट तर्जुमाका सम्बन्धमा लिएका नीतिहरू,गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यकालिन खर्च संरचना, पालिकाका विगतदेखि हालसम्मका विषयगत नीतिहरू, गाउँ सभा र गाउँ कार्यपालिकाबाट भएका निर्णयहरू तथा विभिन्न राजनैतिक,सामाजिक,बौद्धिक व्यक्तिहरूवाट प्राप्त राय सुझावरूलाई महत्वपूर्ण आधारको रूपमा लिइएको छ ।

आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमहरु निर्माण गर्नका लागि "**कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र सम्वृद्धि नै हाम्रो कार्यभार**" भन्ने मूल नारालाई आत्मसात गर्दै संवृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरु जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

***स्पष्टोक्ति***

समुन्नत गाउँपालिका निर्माणको मार्गदर्शनको रुपमा रहेका यी क्षेत्रगत नीतिहरु गाउँपालिकाको आन्तरिक एवं बाह्य श्रोतको पर्याप्तताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । साथै यी क्षेत्रगत नीतिहरु कार्यान्वयन नभएको भनी कुनै अड्डा अदालतमा उजुर बाजुर लाग्ने छैन ।

## १. आर्थिक विकास

### *क. कृषि*

- **"उत्पादन साथमा, नगद हातमा"** भन्ने मूल नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाईनेछ।विउ खरीद,विमा र यान्त्रिकरणमा वाहेक अन्य क्षेत्रमा दिंदै आएको अनुदानहरु सबैलाई उत्पादनमा आधारित तुल्याई कृषिमा दिईने अनुदान प्रणालीलाई व्यवस्थित, पारदर्शी र कृषक मैत्री बनाउने नीति अबलम्बन गरिनेछ।
- **"रैथाने बालिमा गर्व गरौं"** भन्ने नाराका साथ उत्पादन हुँदै आएको पोषणयुक्त रैथाने खाद्यान्न बालीका विउ संरक्षण गरी खेती विस्तार गरिनेछ।
- प्राङ्गारीक कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ। प्राङ्गारीक कृषि उत्पादनको प्रमाणीकरण तथा **Branding** गरी बजारीकरणमा सहयोग गरिनेछ।
- **"पालिकाको साझेदारी, बाँझो नराखौ खेतबारी"** भन्ने अभियानका साथ किसान सँगको साझेदारीमा बाँझो खेतमा उत्पादन प्रवर्द्धन कार्यक्रम संञ्चालन गरिनुका साथै भूमि बैंकको अवधारणा अबलम्वन गरिनेछ।
- कृषि उत्पादनमा हुन सक्ने सम्भावित क्षतिलाई न्युनिकरण गर्नको लागि निशुल्क बाली बिमा हुने गरी बिमा प्रिमियममा सहुलियत दिने कार्यक्रमलाई निरन्तरता र प्रभावकारी बनाईने छ।

- “कृषि उत्पादनमा वृद्धि, आँधीखोला गाँउपालिकाको संवृद्धि” भन्ने मूल नाराका साथ कृषकको जीवनस्तरलाई समुन्नत बनाउनको लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरणको नीति अवलम्बन गरिनेछ ।
- स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रमलाई  जोड दिने नीति अबलम्बन गरिनेछ।
- हरेक वडामा कृषि उपज संकलन तथा बजारीकरण केन्द्र स्थापना गरी उत्पादित वस्तुहरूलाई कृषक समूह तथा सहकारीसँगको साझेदारीमा बजारीकरणको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिनको लागि **न्यूनतम समर्थन मूल्य** कायम गरी कार्यान्वयन गरिने छ।
- पूर्खौली जन्मथलोमा बहुवर्षिय फलफूल खेती गर्न चाहने कृषकहरुको लागि **गाँउ फर्क कार्यक्रम** सञ्चालन गरिनेछ।
- रोग किरा र विभिन्न माहामारी प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि उपचार शिविर तथा आकस्मिक बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरी कृषि उपजको संरक्षण गरिनेछ ।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, कफी, अलैची,  किवि, कागती लगायतका बजारमा माग बढी भएका नगदे वालीको नर्सरी निर्माण गरी बेर्ना उत्पादन, वितरण र व्यवसायिक खेतीका लागि उत्प्रेरीत गरिनेछ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनीति तयार गर्नको लागि कृषक दर्ता, सुचिकृत तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम लाई निरन्तरता प्रदान गरिनेछ।
- माटोको अम्लियपन, क्षारियपन तथा विविध सुक्ष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधी हस्तान्तरण साथै रोग किराको पहिचान गर्ने र निवारणको लागि कृषि ल्याव सञ्चालन गरिनेछ।
- जमिनको प्रकृति अनुसार उत्पादन हुने बिभिन्न बालिको उत्पादन तथा उत्पादकत्व पत्ता लगाई कृषि विकासमा टेवा पुग्ने निति अबलम्बन गरीनेछ।
- पालिकाको हाताभित्र रहेको जमिनको बहुउपयोगका साथ उत्पादनका संभाव्य क्षेत्रहरुको नर्सरी स्थापना गर्दै कृषकहरुलाई प्रत्यक्ष सिकाई केन्द्रको प्रयोगात्मक स्थलको रुपमा विकास गरी सुपथ मूल्यमा विरुवा उपलब्ध गराईनेछ ।
- जडीबुटीहरुको पहिचान गरी संकलन, उत्पादन, प्रशोधन, प्रवर्द्धन तथा बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- पालिकाभित्र रहेका कृषक/फर्म/सहकारी/समूहले थोक रुपमा कृषिजन्य उत्पादन गरेमा पालिकाले मापदण्ड बनाई पुर्वाधारका संरचनाहरु निर्माण गरिने नीति लिईने छ।
- आम किसानको प्रमुख समस्याको रुपमा रहेको बाँदर नियन्त्रण गर्न पहल गरिनेछ ।एकिकृत कृषि उत्पादन गर्ने कृषक/फर्म/सहकारी/समुहलाई बाँदर नियन्त्रण गर्न टोल विकास समिति मार्फत तारबार, हेरालो व्यवस्थापन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेतीयोग्य जमिन बाँझो नराखी नियमित खेति गर्ने किसानलाई प्रोत्साहन गरी जमिन संरक्षणका लागि पहल गरिनेछ ।
- कृषकहरुलाई पालिका मार्फत हालसम्म उपलब्ध गराईएका अनुदानहरु तथा सहयोग सामग्रीहरुको तथ्यांक विवरण प्रकाशन गरी उपयोग, उत्पादन कार्यमा निरन्तरता लगायतका पक्षहरुको मूल्यांकनका आधारमा थप अनुदान सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- मौरीपालनको सम्भाव्यता रहेका स्थानहरुमा मौरीपालन व्यवसायलाई व्यवसायीकरण गर्दै मह उत्पादनबाट कृषकको आय आर्जनमा टेवा पुर्याउने नीतिलाई निरन्तरता दिईनेछ ।
- भौगोलिक अवस्था र अनुकुल वातावरणको आधारमा एक वडा एक उत्पादन नीति अबलम्बन गरिनेछ।
- असला माछाको संम्भाव्यता अध्ययन गरी असला, बाम, गर्दि लगायत स्थानीय जातका माछाको भुरा छोड्ने संरक्षण र सम्वर्धन गर्ने कार्यक्रमलाई अगाडि बढाई रैथाने असला माछालाई आँधीखोलाको पहिचानको रुपमा विकास गरिनेछ।
- कृषि उत्पादनको बजार मुल्य वृद्धिका लागि एक वडा एक कोल्डर रुम र पालिकामा निर्मित कोल्ड स्टोर नियमित रूपमासंचालन ल्याई उत्पादित वस्तुको मुल्य अभिवृद्धिको लागि आवश्यक पहल गरिनेछ ।
- कृषि श्रोतमा आधारित रैथानेवाली, जडिबुटी, फलफूल, अदुवा, बेसार, अलैची लगायतका कृषि उपजहरुको उद्योग स्थापना गर्न नीजि क्षेत्र एवं सहकारीहरुलाई आकर्षित गरिनेछ ।
- खण्डीकृत र टुक्रे जग्गाको कारण कृषिमा आधुनिकीकरण र यान्त्रीकरणमा समस्या भइ व्यवससायिक कृषि प्रणाली अवलम्बन गर्न कठिनाई भएकोले भू- उपयोग योजना तर्जुमा गरी सम्भाव्य स्थानहरूमा प्रदेश सरकारसँगको सहलगानीमा जग्गा चक्लावन्दी विकास कार्यक्रम संचालन गरिनेछ ।

## ख. पशुपंक्षी

- पशुपालन गरिरहेका कृषकहरुको सहभागीता र प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा परामर्श सेवा, भेटेरीनरी ल्याव, ट्रेभिज निर्माण, नश्ल सुधार, पशुपंक्षी विमा जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- पशु स्वास्थ्य व्यवस्थापनको लागि पशु स्वास्थ्य शिविर, बाँझोपन पहिचान र निवारण शिविर, मागमा आधारित तालिम तथा सचेतमूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- स्थानीय कृषकहरुले उत्पादन गरेको पशुपंक्षीजन्य उत्पादन तथा उप-उत्पादन लाई संकलन केन्द्र स्थापना गरी न्युनतम समर्थन मुल्य निर्धारण गरिनेछ।
- प्रत्येक घरमा दुहुनो गाई भैंसी कार्यक्रमलाई विशेष अभियानका रुपमा संचालन गरी दुग्ध उत्पादनमा आत्मनिर्भर एवं व्यवसायिक बनाउन कृषक समूह, सहकारी मार्फत दुग्ध व्यवसायलाई आय आर्जनको महत्वपूर्ण माध्यमको रुपमा विकास गरिनेछ ।
- मानव स्वास्थ्यलाई दीर्घ जीवन प्रदान गर्न स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापनको लागि मासु पसल सुधार, पसल दर्ता गरी अभिलेखिकरण गरिनेछ।
- कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई नियमित गरिनेछ।
- प्राङ्गारिक मल निर्माणको लागि कृषकहरुसँगको सहलगानीमा गोठ, खोर, भकारो तथा मलखाद सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- युवा कृषकलाई पशुपालन तर्फ आकर्षण गराउन लागत साझेदारिमा प्रविधी र यान्त्रिकरणमा जोड दिईनेछ। कृषि तथा पशुपंक्षीसँग सम्बन्धित मेला, प्रविधी प्रर्दशनी कार्यक्रम संचालन गरी सहुलियत दरमा प्रविधीको प्रयोगमा सहयोग गरिनेछ।
- स्थानीय तथा उन्नत जातका माछा पालनको लागि पोखरी निर्माण गरी नमुना पोखरी संचालन गरिनेछ।
- बाह्रै महिना हरियो घाँसको आपूर्ति गर्न भौगोलिक वातावरण अनुसार उन्नत जातका भुई तथा डाले घाँस उत्पादनमा जोड दिईनेछ।
- स्थानीय जातका लोपोन्मुख गाई गोरु संरक्षण गर्नका लागि कृषकहरुलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।
- कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी बाच्छी संरक्षण गरी पशुपालन क्षेत्रलाई कृषक मैत्री बनाईनेछ ।

## ग. सिँचाई

- खेतीयोग्य उर्वर जग्गामा उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन सिचाई नपुगेका क्षेत्रलाई लक्षित गरी साना सिचाई कार्यक्रमहरुलाई विशेष प्राथामिकताका साथ अगाडि बढाईने छ ।साथै ठूला र मझौला प्रकृतिका सिँचाई आयोजनालाई तहगत सरकारको सहलगानीमा संचालन गरिनेछ ।
- परम्परागत कुला तथा नहरलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याई कृषि उत्पादन बढाउन जोड दिईनेछ ।

- कृषिको आधुनिकिकरण र व्यवसायिकरणका लागि लिफ्टिङ्ग सिँचाई प्रणालीलाई बिस्तृत परियोजना प्रतिवेदन तयार गर्दै अगाडि बढ्ने नीति लिईनेछ ।

## घ. सहकारी

- सहकारीलाई पूँजी निर्माण र आय आर्जनको महत्वपूर्ण माध्यमको रुपमा विकास गरी व्यवसायिक किसानहरूलाई उद्यमशिलताको विकासका लागि कृषि उन्मुख तथा उत्पादनमुलक सहकारी संस्थाहरूलाई प्रवर्द्धन गर्दै स्थानीय उद्योग स्थापना र औद्योगिक उत्पादनमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।
- सहकारीका आधारभूत सिद्धान्त, मूल्य मान्यताका आधारमा सहकारी संचालन गर्न सहकारीलाई नियमन गर्दै सदस्य केन्द्रित सहकारी निर्माण र संचालनमा जोड दिईनेछ ।
- सहकारीसँगको समन्वय र सहकार्यमा क्षमता विकास र संस्थागत विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला उद्यमीहरूको विकास गर्न लैङ्गिक समानता तथा सशक्तिकरण मार्फत महिला विकासका लागि महिला सहकारी संस्थाहरुको प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।
- सहकारी संस्थाको वित्तीय सुशासनलाई जोड दिदै अभिलेख प्रणालीलाई सुदृढीकरण गर्न सबै कारोबारलाई प्रविधीमैत्री बनाउन जोड दिईनेछ ।

## ङ. उद्योग, वाणिज्य र आपुर्ति

- दिगो विकासका लक्ष्यलाई हासिल गर्न सघाउ पुग्ने गरी गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्थानीय श्रोत, साधन, श्रम, सीप र प्रविधीहरुको उपयोग गर्दै आय आर्जनका क्रियाकलाप मार्फत स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ ।
- "**आँधीखोला गाउँपालिका हाम्रो स्वाभिमान, विदेशका युवाहरू गाउँ फर्क अभियान"** अन्तर्गत स्वदेशी तथा वैदेशिक जागिरबाट प्राप्त आम्दानीबाट गाउँमै लघु उद्योग सञ्चालन गर्ने व्यक्तिहरूलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- उत्पादनको उत्पादकत्व र बजारमा प्रतिस्पर्धा एवं मूल्य अभिवृद्धिको लागि समूहमा प्रविधी हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । सम्पूर्ण व्यवसायीहरूलाई एकिकृत र वर्गीकृत गरी व्यवसायिक क्षमता र दक्षता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको बजारीकरणलाई टेवा पुग्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न जोड दिईनेछ ।उद्योग ग्राम तथा कृषिजन्य उद्योग स्थापना गर्न प्रयत्न गरिनेछ ।
- गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरूको विक्री वितरणलाई रोक्न, एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन, प्रभावकारी नियमन तथा अनुगमन गरी उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

- मसला बाली (अदुवा, टिमुर, खुर्सानी, धनिया, बेसार) लगायत यस्तै प्रकृतिका उत्पादनको प्रशोधन मार्फत उद्योगको रूपमा विकास गरी आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विभिन्न जाति तथा समुदायको मुख्य पेशाको रूपमा रहेको आरन, टेलरिङ, कालीगढ जस्ता परम्परागत व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गरी घरेलु उद्योगको रूपमा प्रर्वद्धन गर्ने नीति लिइनेछ ।
- निजी क्षेत्रको सहभागितामा विकास निर्माणको अभियानलाई प्रभावकारी बनाउनका लागि वडा समिति मार्फत संस्थागत संरचना निर्माण गरी मुख्य मुख्य बजार क्षेत्रका केन्द्रहरूमा व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय रुपमा संगठित उद्योग वाणिज्य सँग आवद्ध पेशागत संघ संस्थाको सहकार्यमा व्यापारिक क्षेत्रको विकास र बिस्तारका कार्यक्रम संचालन गरिनेछ ।

## च. पर्यटन/संस्कृति

- अन्धाअन्धी र श्रवणकुमार क्षेत्रको विकास, प्रचारप्रसार तथा प्रवर्द्धनलाई टेवा पुयाउन **"जाउँ है अन्धाअन्धी श्रवणकुमार अभियान"** सञ्चालन गरिनेछ ।
- सबै तहका सरकारहरुसँगको समन्वय तथा सहकार्य गरी गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य-मुख्य पर्यटकीय केन्द्रहरूको अन्तरसम्बन्धलाई मजबुत बनाउन सेतिदोभान- आउरी गुफा-म्हाजु भन्ज्याङ्ग- हिलेथाप्ले- सिरुवारी- गोरुजुरे -डहरे देउराली -अन्धाअन्धी —जुम्लीठाना- श्रवणकुमार -पंचासे -कालाभैरव कोट- सिद्धगुफा लगायतका पर्यटकीय केन्द्रहरूलाई समेटेर चक्रिय पदमार्ग निर्माण गरी आन्तरिक एवं बाह्य पर्यटन हवको रूपमा विकास गरिने छ ।
- नेपालको पहिलो ग्रामीण पर्यटकीय गाउँ सिरुवारी सामुदायिक होमस्टेको जननी भएको हुँदा यसलाई घरबास पाठशालाको रुपमा विकास गर्न समन्वयात्मक भूमिका निर्वाह गरिनेछ ।नयाँ स्थानमा होमस्टेको विस्तार गर्दै लैजाने नीति लिईनेछ ।
- ट्रेकिङ र साहसिक पर्यटनलाई प्रोत्साहन गर्नका लागि प्रयत्न गरिनेछ । पर्यटनलाई रोजगारीसँग आवद्ध गर्न सबै सरोकारवालासँग समन्वय गर्न पहल गरिनेछ ।
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति, जात्रा, परम्परा र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक पर्यटनलाई व्यवस्थित गर्न वृहत पर्यटन मेला सञ्चालन गरी आवश्यक प्रचारप्रसार गरिनेछ ।
- सबै जातजाति, भेषभुषा, संस्कृतिको संरक्षण र पहिचानको लागि बहुजातीय संग्रहालय निर्माण गर्न प्रयत्न गरिनेछ ।

- ❖ पर्यटन मार्गहरूको निर्माण तथा ऐतिहासिक र परम्परागत रुपमा रहेका मठ, मन्दिर, गुफा, कोट लगायतका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी पर्यटकीय गन्तब्यको रूपमा विकास गरिनेछ ।
- ❖ पालिका स्तरमा पर्यटन विकास समिती र पालिका प्रज्ञा प्रतिष्ठान गठन गरी परिचालन गरिनेछ ।

## २. सामाजिक क्षेत्र

### *क. शिक्षा*

- ❖ शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामूलक परिवर्तन गर्न विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** सञ्चालन गरिनेछ।
- ❖ विद्यालयमा विद्यार्थीहरुको पहुँच तथा विद्यार्थी संख्या समेतको आधारमा आवश्यक मापदण्ड निर्माण गरी विद्यालयको नक्साङ्कन, समायोजन तथा एकीकरण, स्थगन, दरबन्दी मिलान र आवश्यकता अनुसार स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ ।
- ❖ विद्यालय शिक्षाका सारथी शिक्षकहरुको मनोबल उच्च राख्न शिक्षकलाई सम्मान गरौं वालबालिकालाई माया गरौ भन्ने आदर्शलाई प्राथमिकतामा राखी शिक्षण पेशालाई सम्मानित र मर्यादित पेशाको रुपमा विकास गरिनेछ ।वालविकास केन्द्रका वालशिक्षक, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुलाई आवश्यक प्रोत्साहन गरिनेछ ।
- ❖ सूचना तथा संचार प्रविधीलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रुपमा एकीकृत गर्दै शिक्षालाई प्रविधीमैत्री व्यवहारिक र नतिजामूलक बनाईनेछ । अनलाइनमा आधारित **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली**लाई सुदृढीकरण गरी विद्यालयहरुको सम्पूर्ण क्रियाकलाप **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली**मा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता सहित थप सुदृढीकरण गरिनेछ ।
- ❖ **शैक्षिक गुणस्तर सुदृढिकरण अभियान**लाई थप प्रभावकारी बनाउन विद्यालयका शिक्षकहरुलाई विषयगत तालिम, ICT सम्बन्धी तालिम, विद्यार्थीहरुका लागि **सीप सिक्दै रमाउँदै कार्यक्रम** सञ्चालन गरिनेछ ।
- ❖ विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउन कार्यगत संरचना तयार गरी परिचालन गरिनेछ । शिक्षाको गुणात्मक विकासका लागि **विषयगत विज्ञ शिक्षक (रोष्टर)** तयार गरी सुपरीवेक्षण र पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ विद्यालयको समग्र शैक्षिक तथा प्रशासनिक व्यवस्थापनमा गुणात्मक परिवर्तन ल्याउन विज्ञ समूहद्वारा खुला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापकहरुको नियुक्ति गरिनेछ । प्रधानाध्यापकहरुको दक्षता, क्षमता, सीप तथा कौशल परीक्षणका लागि कार्यसम्पादन करार सम्झौता गरिनेछ ।

❖ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि गरिने सेनिटरी प्याडको निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिंदै त्यसको प्रभावकारी प्रयोग र सरसफाइमा विशेष ध्यान दिन प्रोत्साहित गरिनेछ ।

❖ माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा पश्चातको समयमा विभिन्न जीवनोपयोगी शिक्षा तथा सीप विकासका अवसरहरु प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

❖ विद्यार्थीहरुको बहुआयामिक प्रतिभाको प्रष्फूटनको लागि खेल, साहित्य, संगीत, कला, सांस्कृतिक कार्यक्रम लगायत विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

❖ कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम **हाम्रो आँधीखोला** चालु शैक्षिक सत्रबाट शुरु गरिएको हुँदा कक्षा १, २ र ३ को पाठ्यपुस्तक तयार गर्ने र क्रमशः कक्षा ८ सम्मका पाठ्यपुस्तक तयार गरी लागु गर्दै जाने एवं कम्प्युटर शिक्षालाई निरन्तरता दिइनेछ ।

❖ तोकिएका विद्यार्थीको दिवाखाजा व्यवस्थापनलाई स्थानीय उत्पादनको उपयोग र पोषणयुक्त दिवाखाजा व्यवस्थापनमा विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

❖ निम्नमाध्यमिक र माध्यमिक तहमा शिक्षक दरबन्दी नभएका विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक दरबन्दी व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

❖ **आधारभूत तह परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण तथा अभिलेख व्यवस्थापन** कार्यलाई थप व्यवस्थित गरिनेछ ।

❖ **हाम्रो विद्यालय राम्रो विद्यालय** भन्ने भावना जागृत गर्न विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको व्यवस्थापकीय क्षमता अभिवृद्धि एवम् सम्बन्धित सरोकारवालाहरुलाई जिम्मेवार बनाउने प्रयत्न गरिनेछ ।

❖ शिक्षाको जग नै प्राराम्भिक वाल कक्षा र कक्षा १, २ र ३ भएकोले उक्त कक्षा कोठाहरुलाई पूर्ण रुपले वालमैत्री र आकर्षक कक्षाकोठा तुल्याउदै विद्यार्थीहरुमा पठन संस्कृतिको विकासको लागि सोही अनुसारका शैक्षिक सामग्रीका साथ अध्यापन कार्य संचालन सहलगानीमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक समन्वय र साझेदारी गरिनेछ ।

❖ धार्मिक विद्यालयका रुपमा रहेको गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयलाई आवश्यक पुर्वाधार तथा संस्थागत विकासमा सहयोग गर्दै धार्मिक अध्ययनमा विद्यार्थीहरुलाई वैदिक, सनातन धर्म संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि आकर्षित गर्ने नीति लिईनेछ ।

❖ वालवालिकाहरुलाई **विद्यालय ल्याऔं टिकाउ र सिकाऔं** भन्ने कार्यक्रमलाई प्रभावकारी बनाई अनिवार्य आधारभूत गुणस्तरीय शिक्षा कम्तीमा माध्यामिक तह सम्मको शिक्षा पुरा गर्ने वातावरण सिर्जना गरिनेछ ।वालवालिकालाई अध्ययनमा लगनशिल हुने बातावरण सिर्जना गरिनेछ ।

- ❖ उच्च शिक्षा स्नातक तह वा सो भन्दा माथि अध्यापन गराउने शैक्षिक संस्थालाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराईनेछ ।

### *ख.* स्वास्थ्य

- ❖ स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच (Universal Health coverage) अविच्छिन्न पर्याप्तता, बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारीको अवधारणा अनुरुप प्रर्वधनात्मक,प्रतिकारात्मक,उपचारात्मक, प्रशामक तथा रिफरल पद्धतिलाई अवलम्बन गर्दै थप व्यवस्थापनलाइ निरन्तरता गरिनेछ।
- ❖ आँधीखोला आधारभूत अस्पतालको सेवा संचालन सुभारम्भ भइसकेको र नियमित सेवा संचालन तथा व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राख्दै नियमिततालाई जोड दिइने छ ।
- ❖ पंचमुल प्राथमिक स्वास्थ्य केन्द्रमा जनशक्ति व्यवस्थापन सहित प्रभावकारी रूपमा संचालन गरिनेछ ।
- ❖ स्वास्थ्य संस्थाहरुबाट Electronic Health Recording System (EHRS) र Reporting System कार्यान्वयन तथा व्यवस्थापन साथै स्वास्थ्य प्रोफाइललाई अध्यावधिक गरि लागु गरिने छ ।
- ❖ आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी, गाउँघर क्लिनिक तथा खोप क्लिनिकमा जनशक्ति, उपकरण, औषधी तथा व्यवस्थापनलाई प्रभावकारीरुपमा सुधार गर्दै लगिने छ।
- ❖ राष्ट्रिय अन्तराष्ट्रिय लक्ष्य हासिल गर्न वालबालिकाहरुलाई पुर्ण खोपको सुनिश्चित गरी रोगहरु नियन्त्रण, निवारण, र उन्मुलन गर्नुका साथै ९ देखि १२ वर्षका उमेर समुहको लागि पाठेघरको मुखमा हुने क्यान्सर बिरुद्धको HPV (Human Papilloma Virus) भ्याक्सिन, कोभिड १९ विरुद्धको खोप कार्यक्रमलाई अभियानका रुपमा सहकार्य गरिनेछ ।
- ❖ गर्भवति तथा सुत्केरी महिला, नवशिशू, वालवालिकाहरुको पोषण परामर्श र गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका विविध्र क्रियाकलापहरु सहित गर्भवति महिलाहरुको लागि प्रत्येक महिना स्वास्थ्य संस्था गई गर्भजाँच गराउन प्रोत्साहन साथ अण्डा र क्याल्सियम चक्की वितरण र उत्तर प्रसुति परिक्षण सेवाको लागि घर घरमानै गई जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- ❖ २ बर्ष मुनिका वालबालिकाको लागि स्वास्थ्य संस्था,खोप केन्द्र तथा गाउँघर स्वास्थ्य क्लिनिक मार्फत २४ पटक सम्म तौल जाँच गरेको सुनिश्चित गरेवापत प्रोत्साहनको व्यवस्था तथा स्वस्थ वालवालिका प्रतियोगिता संचालन गरिनेछ ।
- ❖ वालवालिका, गर्भवती, सुत्केरी महिलाहरुमा हुने कुपोषण न्युनिकरणका लागि समुदाय स्तरमा पोषण प्रवर्धन कार्यक्रम संचालन गरिनुका साथै सामुदायीक विद्यालयमा अध्ययनरत एवमं घरमा रहेका किशोरिहरुलाई आइरन फोलिक एसिड वितरण प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाइ निरन्तरता गरिनेछ ।

- ❖ स्वास्थ्य संस्थाबाट गर्भवति महिलाहरुको जोखिमयुक्त गर्भको पहिचान गर्न भिडियो एक्सरे सेवा (ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम) निरन्तरता दिन पहल गरिनेछ ।
- ❖ आमा सुरक्षा र प्रजनन स्वास्थ्य सेवालाई अभिवृद्धि गर्न स्वास्थ्य संस्थामा मासिक रुपमा गर्भजाँच र सुत्केरी गराए वापत नेपाल सरकार वाट पाउने सुविधामा थप यातायात खर्च रकम र जटिल अवस्थामा रहेका गर्भवति र सुत्केरी महिलालाइ सुविद्या सम्पन्न अस्पताल रिफरल गर्न विशेष सहुलियतको व्यवस्थालाई नियमित गरिनेछ ।
- ❖ परिवार नियोजन सेवाको उपलब्धतालाई अभिवृद्धि गर्दै प्रजनन स्वास्थ्य समस्या आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ सामुदायिक बिद्यालयसँग समन्वय गरि किशोर किशोरीमैत्री सुचना तथा परामर्श स्वास्थ्य सेवाका रचनात्मक कार्यक्रमहरु गरिनेछ ।
- ❖ सर्ने रोग, नसर्ने रोग, किटजन्य रोग, पशुपन्छिजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी जन्य रोगहरुको विपत व्यवस्थापन, पुर्व तयारी तथा प्रतिकार्यहरु र स्वास्थ्य शिक्षा, प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषणको बिशेष ब्यवस्थापन गरिनेछ ।
- ❖ आँधीखोला आधारभूत अस्पतालवाट उपचारात्मक सेवाहरुलाई विस्तार गर्दै लगिनुका साथै, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकीहरुबाट नेपाल सरकार द्धारा तोकिएबमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गरी नागरिकहरुको आधारभुत स्वास्थ्यमा आवश्यक पर्ने भ्याक्सिन, औषधी, स्वास्थ्य उपकरण तथा सामाग्रिको उपलब्धतालाइ दिगोपन कायम गरिनेछ ।
- ❖ उपचारात्मक तथा आकस्मिक सेवालाई प्रभावकारी र पहुँच योग्य तुल्याउन सहुलियत दरमा एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- ❖ महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरुलाई उत्प्रेरणा दिलाउन अनुभव आदन प्रदान साथै खाजा तथा यातायात खर्च स्वरुप रकम उपलब्ध गराइनेछ साथै उमेर पुगेका स्वयं सेविकाहरुलाई सम्मानजनक बिदाइको व्यवस्था गरिने छ ।
- ❖ खोप, पोषण, परिवार योजना, गर्भपतन सेवा, प्रजनन समस्या तथा रोग, संक्रमण रोग, नर्सने रोग, मदिरा तथा दुर्व्यसन जन्य, मानसिक रोग, आँखा, नाक, कान, घाँटी सम्बन्धि रोगहरुको बारेमा विद्यालय शिक्षा, आमा समुह, तथा टोलहरुमा जनचेतनामुलक सुचना तथा संचार सामाग्री/व्यवहार परिवर्तन कार्यक्रम साथै नियन्त्रण तथा उपचारको लागि सरकारी तथा गैह्र सरकारी संस्थाहरुको समन्वयमा स्क्रिनिङ्ग शिविर संचालनमा ल्याइनेछ ।
- ❖ स्वास्थ्य सेवाको समान पहुँचको लागि स्वास्थ्य संस्थामा गई सेवा लिन कठिन ज्येष्ठ नागरिकहरुलाई घर घर तथा श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य क्लिनिक वाट सेवा प्रदान गर्दै आइरहेको कार्यक्रमलाई थप प्रभावकारी वनाई निरन्तरता दिइने छ ।

- गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याउन समतामुलक स्वास्थ्य विमाको विविधिकरणको माध्यमवाट स्वास्थ्य सेवा सुनिश्चितताको लागि आँधीखोला आधारभूत अस्पताललाई विमाको प्रथम सम्पर्क केन्द्र वनाइ विमा स्वास्थ्य सेवा समेत संचालन गर्न प्रयत्न गरिनुका साथै वडाहरुमा सचेतना कार्यक्रम मार्फत स्वास्थ्य विमामा आवद्धको लागि सहुलियत प्रदान गरिने छ ।
- मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाइनल ईन्जुरी तथा सिकलसेल एनिमियाका रोगहरुको लागि नेपाल सरकारको नीति अनुरुप र उक्त रोगहरु सँगै अन्य दिर्घ रोगहरुको विपन्न तथा आर्थिक अवस्थाका कारण नियमित औषधी तथा उपचार गर्न नसक्ने गरिब तथा विपन्न नागरिकहरुको लागि औषधी उपचारमा विशेष सहयोग गरिने छ ।
- नागरीकहरुलाई शारीरिक व्यायाम, योग, आरोग्य सेवा तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिइ स्वास्थ्य जिवनशैलि परिवर्तन गराइ रोग नियन्त्रण गर्न अभिप्रेरित गरिनुका साथै वैकल्पिक चिकित्सा सम्वन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ।
- वडा नं २ मा संचालित नागरिक आरोग्य सेवा केन्द्रलाई आयुर्वेद औषधालयमा स्तरउन्नती गर्न र सबै वडाहरुमा सेवा विस्तार गर्न पहल गरिनेछ ।
- सरकारी, गैरसरकारी, निजि र सामुदायिक क्षेत्रहरुसँग रणनीतिक साझेदारी गरी स्वास्थ्य क्षेत्रका दिगो विकासका लक्ष्यहरु हाँसिल गर्न प्रयास गरिने छ।
- स्वास्थ्यकर्मीको वृत्ति विकासको लागि तालिम, स्थलगत अनुशिक्षण, अनुगमन तथा प्रोत्साहनको व्यवस्थालाई निरन्तर कार्यक्रम संचालन गरिनेछ ।
- समुदाय स्तरमा हेमोफिलिया सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरी सम्भावित हेमोफिलियायुक्त व्यक्तिहरुको पहिचान गरी उपचारको मुलधारमा ल्याउने प्रयत्न गरिने छ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्था, निजि क्लिनिक, फार्मेसिहरुको दर्ता, अनुमति तथा नवीकरण र नियमन गर्ने नीति लिइनेछ ।

## *ग. खानेपानी*

- खानेपानी सहज रुपमा उपलब्ध गराउनका लागि पालिकाले विगतदेखि कार्यान्वयन गर्दै आएको **"एक घर एक धारा"** अभियान कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- दिगो विकासका लक्ष्य पूरा गर्नका लागि स्वच्छ पानी र सरसफाइ कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।
- खानेपानीका श्रोतहरूको क्षमता नक्साङ्कनका लागि पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ । अधुरा आयोजनाहरुलाई तहगत सरकारको समन्वयमा एकीकृत प्रणाली मार्फत सम्पन्न गर्ने नीति लिईनेछ ।

- परम्परागत धारा र कुवाबाट डोकोमा गाग्री राखी पानी बोक्नुपर्ने परिस्थितिको अन्त्य गरी सबै घरधुरी सम्म खानेपानी सहज रुपमा उपलब्ध गराउनका लागि खानेपानीका सम्पूर्ण स्रोतहरूलाई उपयोग गरिनेछ ।

## घ. *महिला, दलित तथा जनजातिः*

- महिलाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा बृद्धि गर्नका लागि **आधुनिक सीप तथा तालिम** एकीकृत कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- लैङ्गिक हिंसा तथा महिलालाई गरिने दुर्ब्यवहार रोकी समतामूलक समाजको निर्माण गर्नका लागि **हिंसा तथा दुर्ब्यबहार प्रति शून्य सहनशीलताको नीति** अवलम्वन गर्दै अभिमूखिकरण र प्रचारप्रसारका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- **सामाजिक विभेद विरुद्धको जनचेतनाको लागि** प्रभावकारी अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला, दलित तथा जनजाति र विपन्न समुदायको सरकारी सेवाप्रतिको आकर्षित गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग लगायतको तयारी कक्षा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरीनेछ ।
- आमा समूहहरुको संस्थागत तथा क्षमता विकास गरी टोल बस्तीमा **सृजनात्मक, रचनात्मक क्रियाकलापहरु** सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- **लैंगिक हिंसा निवारण कोष**को स्थापना गरी समाजमा लैङ्गिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्न र पिडितको उद्धार, अल्पकालिन बसोवास जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा दुर्व्यवहारलाई न्यूनीकरणको लागि नीतिगत र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।
- राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक क्षेत्रमा महिला, दलित र जनजातिहरुको अर्थपूर्ण र सार्थक सहभागितालाई वृद्धि गर्न विभिन्न क्षमता विकास लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाबाट निर्माण हुने सबै खालका पूर्वाधार तथा कार्यक्रमहरुलाई लैङ्गिक मैत्री बनाउदै लगिनेछ ।

## *ङ. वालवालिका*

- वालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै अन्तरार्ष्ट्रिय वालअधिकार सम्बन्धी महासन्धी एवं राष्ट्रिय नीतिहरुले समेत निर्देशन गरेको **वाल बचाउ, वाल संरक्षण वाल विकास र वाल सहभागिताको**

अधिकारलाई सुनिश्चित गर्दै वालबालिकाको शैक्षिक बौद्धिक साथै नेतृत्व विकासका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

- ❖ वालबालिकाको श्रृजनात्मक क्षमता अभिवृद्धि गर्न र मनोरन्जनका लागि एक वडा एक वाल उद्यान पार्कको अवधारणालाई अगाडि बढाईनेछ ।
- ❖ वालबालिकामाथि हुने सबै किसिमका भेदभाव,यातना,दुर्व्यवहार तथा जोखिमबाट मुक्त गराउन **नीतिगत र संस्थागत संरचना निर्माण** गरिनेछ ।
- ❖ अभिभावक विहिन वालवालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।
- ❖ वालबालिकाको **तथ्याङ्क संकलन तथा अद्यावधिक** कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ वालबालिकाभित्र रहेको विशेष खालको प्रतिभालाई विकास गर्नको लागी **एक विद्यालय, एक प्रतिभा कार्यक्रम संचालनमा** ल्याईनेछ ।
- ❖ आपतकालिन वालउद्धारकोष स्थापना गरि दुर्व्यवहार पिडित वालबालिकाको उद्धार कार्यमा सहयोग गरिने छ ।

## *च. फरक क्षमता भएका व्यक्तिहरू*

- ❖ फरक क्षमता भएका व्यक्ति बिरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक,राजनितिक,आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्नका लागि नीतिगत र संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
- ❖ फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी **परिचय-पत्र वितरण** र उनीहरुको क्षमता पहिचान गरी विभिन्न निकायहरुको समन्वयमा आयमूलक कार्यमा संलग्न गराई जिवनयापनमा टेवा पुग्ने कार्यहरु गरिनेछ ।
- ❖ फरक क्षमता भएका व्यक्तिहरुको दैनिक जिवनयापनमा सहजता प्रदान गर्न आवश्यक **सहायक सामग्री सहयोग** गरिनेछ ।
- ❖ आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला वालवालिकाको पहिचान गरी **सामाजिक संरक्षण**को व्यवस्था गरिनेछ ।
- ❖ शारीरिक, मानसिक, वौद्धिक रूपमा फरक क्षमता भएका व्यक्तिहरुको समाजमा सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण तयार गरिनेछ ।

## *छ. युवा तथा खेलकुदः*

- ❖ युवाहरुको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकरात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप **खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिका**को गौरब बढाउन खेलकुदका कार्यक्रमलाई अगाडि वढाइने छ।

- **पालिका स्तरीय युवा तथा खेलकुद विकास समिति गठन गरी** युबालाई खेलकुदमा आवद्धता गर्न र एकद्वार प्रणाली मार्फत खेलकुद क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
- सबै वडाहरुमा खेलमैदान र पालिकास्तरको रंगशाला निर्माण गर्नको लागि जग्गा व्यवस्थापन लगायत पूर्वाधार संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिका भित्रका विद्यार्थी तथा युवा लक्षित अध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालन गर्दै खेलाडीहरु प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## *ज. ज्येष्ठ नागरिकः*

- जेष्ठ नागरिकहरुमा रहेको ज्ञान,सीप, क्षमता र अनुभवलाई सदुपयोग गरी श्रद्धा, आदर र सद्भाव अभिवृद्धि गरिनेछ ।
- ज्येष्ठ नागरिक **दिवा सेवा केन्द्र/पार्क स्थापना** कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकको सीप पहिचान गरी आयआर्जनमा जोड दिईनेछ ।
- ज्येष्ठ नागरिकको **संरक्षण र सामाजिक सुरक्षा** लाई प्रभाबकारी बनाउदै विशेष सम्मान र हेरचाह गर्ने परिवारलाई प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

## *झ. रोजगारी*

- विद्यमान गरीबीको अन्त्य गरी आयआर्जनका कार्यक्रमसँग आवद्ध गर्दै दिगो विकासका लक्ष्य पूरा गर्न गरीबविहिन समाज र शुन्य भोकमरी लगायत मर्यादित काम र आर्थिक वृद्धिसँग तादम्यता बनाउने दिशामा आवश्यक पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित उत्पादनमुलक रोजगारी सृजना गर्न वेरोजगार लक्षित कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई अभियानको रूपमा कार्यान्वयन गरिनेछ ।
- समुदायस्तरका समूहहरूलाई उपलब्ध गराएको पूँजी रकम र समुहले बचत गरेको लगत अद्यावधिक गरी रोजगारी सृजना तथा आयआर्जन र उत्पादनमुलक कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाउन वैदेशिक रोजगारमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्य गरिनेछ।
- रोजगार संवाद मञ्चको सञ्चालन तथा स्थानीय रोजगार रणनिती तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## ञ. सुरक्षित आप्रबासन (सामी) कार्यक्रम

- ❖ वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ । सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित बनाई सबै वडामा लागू गरिनेछ ।
- ❖ वैदेशिक रोजगारमा जान चाहने जनशक्तिलाई सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण तयार गरिनेछ ।
- ❖ वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधीको उच्चतम प्रयोगका गरी आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ । प्रधानमन्त्री रोजागार कार्यक्रम, कृषि सेवा, पशु सेवा र उद्यम विकास कार्यक्रमसँगको समन्वयमा एकीकृत कार्यक्रम संचालन गरिनेछ ।
- ❖ वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा ब्यवस्थापनको लागि बिद्यालय र समुदायस्तरमा स्वास्थ्य संस्थाहरुको समन्वयमा मनोसामाजिक परामर्श कक्षाहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।
- ❖ वैदेशिक रोजगार बाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता र मनोसामाजिक परामर्श कार्यक्रम  नियमित रुपमा सञ्चालन गरिनेछ ।
- ❖ वैदेशिक रोजगारीमा रहेका घरपरिवारको लागि अनिवार्य पासवुकको व्यवस्था गरी बचत बृद्धि योजनामा सहभागि गराईनेछ ।
- ❖ सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक कार्यक्रमहरु संचालन गरि घर-घरमा पारिवारिक एकता र सद्भाव कायम गरिनेछ ।
- ❖ वैदेशिक रोजगारीको क्रममा विदेशी भूमीमा समस्यामा परेका नेपालीको उद्धार,राहात,कानुनी सहायता र स्वदेशफिर्ति लगायतका विषयमा विपद व्यवस्थापन कोषसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।

# ३. भौतिक पूर्वाधार क्षेत्र

## क. सडक

- ❖ सडक निर्माण तथा स्तरोन्नति गर्दा रणनीतिक महत्वका सडकहरु खासगरी ग्रामिण सडक यातायात गुरुयोजना अनुरुप प्राथामिकताका सडकहरुलाई रकम विनियोजन गरी अत्यावश्यक बाहेक नयाँ ट्र्याक नखोलिने र हाल रहेका सडकहरुको स्थायी पक्की संरचना निर्माण तथा स्तरोन्नतिमा जोड दिईनेछ ।
- ❖ पूर्वाधार संरचना निर्माण गर्दा गुणस्तरीयता कायम गर्नुका साथै समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रम प्रविधीमा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गर्ने र ठूला

संरचना निर्माण गर्दा ठेक्का प्रक्रिया मार्फत निर्माण गरिने नीतिलाई अंगीकार गर्दै समयमै गुणस्तरीय निर्माण कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई पुरस्कृत गरिनेछ ।

- ❖ योजनाहरुमा जनताको सक्रिय सहभागितालाई अभिवृद्धि गराउन लागत सहभागिता अवधारणालाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ ।
- ❖ सार्वजनिक सडकको दायाँबायाँ **बायो-ईन्जिनियरिङ** प्रविधीको प्रयोग गरि बिकास योजनाको कम्तिमा १ प्रतिशत रकम भु-क्षय रोकथाम र सडक संरक्षणमा लगानी गरिनेछ ।
- ❖ नयाँ ट्र्याक निर्माणका लागि आवश्यकता अनुसार स्ट्रक्चरको काम गरिनेछ भने अन्य सडक निर्माणका काममा कम्तिमा ५० प्रतिशत स्टक्चरको काम गरिनेछ ।
- ❖ रणनीतिक सडकहरुमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ । मुख्य मुख्य सडक आयोजना निर्माण र संचालन प्रयोजनार्थ कजवे कल्भर्ट र सडक पुल निर्माणको लागि बिस्तृत परियोजना प्रतिबेदन तयार गरिनेछ ।
- ❖ पालिका भित्र नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुल लाई आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ ।
- ❖ सडक यातायात गुरुयोजना (RURAL MUNICIPAL TRANSPORT MASTER PLAN ) ले तोकेको मापदण्ड अनुसार गाँउपालिका भित्रका सडकहरुको सडक मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्नका लागी पहल गरिनेछ ।
- ❖ कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तिमा **दश प्रतिशत** रकम आकस्मिक कोष खडा गरी कार्यक्रमगत रुपमा खर्च गरिनेछ ।
- ❖ उपभोक्ता समितिद्वारा संचालन गरिने योजनाहरु हरेक वर्षको **फाल्गुन मसान्त** अगावै आयोजनाहरु सम्पन्न गराउने नीतिलाई निरन्तरता दिईनेछ ।
- ❖ मूलसडकहरुबाट बस्ती सम्म जोडिने शाखा सडकहरुलाई मर्मत सम्भार तथा स्तरोन्नति गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ सबै वडाहरु र महत्वपूर्ण बस्ती एवं पर्यटकीय क्षेत्रहरुलाई जोड्ने गरी प्रस्ताव गरिएको पालिकाको चक्रपथ निर्माण आयोजनालाई गौरवको आयोजनाको रूपमा अगाडी बढाईनेछ ।

## *ख.* बस्ती विकास, शहरी योजना तथा भवन निर्माणः

- ❖ सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ ।
- ❖ सामूदायिक भवन निर्माण गर्दा प्रत्येक वडाहरुमा क्रियाशिल टोल विकास समिति, आमा समूह, युवा क्लब लगायत विभिन्न संघ संस्थाको आ आफ्नो छुट्टा छुट्टै भवन निर्माण नगरी एकीकृत रुपमा बहुउद्देश्यीय प्रयोजनको लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधिहरु संचालन गरी निर्माण कार्य गरिनेछ ।
- ❖ जनताको जिउधन र सुरक्षा प्रत्याभुति गराउन सुरक्षा संयन्त्रलाई प्रभाबकारी बनाउनका लागि संस्थागत संरचनाको सुधार र स्तरोन्नति गर्न पहल गरिनेछ ।

- ❖ अति विपन्न नागरिकहरुको सुरक्षित आवासको हकलाई प्रत्याभुत गराई सुरक्षित आवास निर्माणको व्यवस्था मिलाईनेछ ।
- ❖ गाउँपालिकाबाट निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरु लैङ्गिक, वालवालिका तथा अपांग मैत्री भुकम्प प्रतिरोधी बनाउनुका साथै भवन निर्माण सम्बन्धी मापदण्ड तथा आचार संहिताको पालनाका साथ सेवाग्राही मैत्री बनाईने छ ।

### *ग. उर्जा र वैकल्पिक उर्जाः*

- ❖ विद्युत आपुर्तिलाई भरपर्दो र विश्वसनीय तुल्याउन विद्युत लाईनको विस्तार व्यवस्थापन र ट्रान्सफर्मर अपग्रेड गर्न नेपाल विद्युत प्राधिकरणको समन्वयमा आवश्यक प्रक्रियाहरु अगाडी बढाईनेछ ।
- ❖ जैविक रुपमा रहेको बायोग्यास, गोवरग्यास लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी वैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ, साथै सौर्य सडक बत्तिको कार्यक्रमलाई निरन्तरता दिईने नीति लिईने छ ।
- ❖ गाउँपालिका मातहतका सरकारी निकायहरुमा वैकल्पिक उर्जाको कार्यक्रमलाई प्रवर्धन तथा मर्मत सम्भारलाई जोड दिइनेछ ।
- ❖ मानवीय स्वास्थ्य तथा पर्यावरणीय स्वच्छता कायम गर्न सुधारिएको चुल्हो तथा विद्युतीय ईन्डक्सन चुल्होको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- ❖ विद्युत प्रसारण लाईनको मापदण्ड वरिपरिका रुखहरु कटान गरी विद्युत आपुर्तिलाई सहज बनाईनेछ ।

## *४. वन, वातावरण तथा विपद व्यवस्थापन*

### *क. वन*

- ❖ वन तथा वन्यजन्तु संरक्षण दिगो वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताका लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सवल बनाउँदै लगिनेछ ।
- ❖ सामुदायिक वन क्षेत्रमा चिराईतो, तेजपत्ता, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेतवाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडिबुटिलाई आधार मानी व्यवसायिक खेति प्रवर्द्धन गर्ने र सामुदायिक वन र निजी वनलाई गोडमेल तथा काँटछाँट गरी वन क्षेत्रमा रहेको गैरकाष्ठ वन पैदावरमा आधारित **उद्यम विकास**का कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ❖ स्थानीय वन पैदावारलाई अधिकतम उपयोग गरी वनजङ्गलको संरक्षण तथा संवर्धन गर्दै वनलाई **व्यवसायिकरण र बजारीकरणको** रुपमा प्रवर्द्धन गरिनेछ।
- ❖ स्थानीय पर्यटन ब्यबसायलाई प्रबर्धन गर्न सामुदायिक वन क्षेत्रमा **पर्या-पर्यटन** प्रवर्द्धन गरिनेछ ।
- ❖ निजी वन क्षेत्र र निजी जग्गामा रहेका **कु-काठ** हटाई उत्पादनयोग्य जमिनको बढोत्तरी गरी समुदायको आयआर्जन बिस्तारका लागि अमिलो जातका फलफुलका बिरुवा रोप्ने कार्यलाई अगाडी बढाईनेछ ।

❖ सडक क्षेत्रको सौन्दर्य बढाउन अमरिसो, नेपियर लगाउनुका साथै आकर्षक रंगरोगन लगायतका कामलाई अगाडी बढाईनेछ।

### *ख. वातावरण*

❖ नवनिर्मित सडक संरचनाको कारणले साविकका गन्तब्यहरु परिवर्तन भई रहेको हुँदा नयाँ गन्तव्यमा यात्रु प्रतिक्षालय र चौतारी निर्माणको काम गरिनेछ ।वर पिपल रहेका चौतारीको **संरक्षण र विस्तार** गर्ने नीति लिईनेछ ।

❖ पारिस्थितिक प्रणालीलाई दिगो व्यवस्थापन गर्न मौजुदा पोखरी, कुवाहरुको **संरक्षण र विस्तार** गर्ने नीति लिईनेछ।नवनिर्माणको कार्यक्रमलाई समेत प्राथमिकतामा राखि पोखरी पुर्नभरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

❖ प्राकृतिक वातावरणको संरक्षण, पुनस्थापना र **दिगो उपयोग**मा जोड दिइनेछ ।

❖ **वातावरण मैत्री स्थानीय शासन** कार्यक्रम सञ्चालन गरी गाउँपालिकाभित्र सञ्चालन गरिने योजनालाई वातावरणमैत्री बनाइनेछ ।

❖ तहगत सरकारको समन्वयमा सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

❖ **जलवायु परिवर्तनका असर र प्रभावलाई** सामना गर्न उत्थानशीलतामा बृद्धि गरिनेछ ।

❖ **जलमुनिको जीवन, जलचर प्रणाली र पारिस्थितिक प्रणालीको** सन्तुलन कायम राख्न आँधीखोला लगायत अन्य सहायक खोलाहरुमा समेत माछाका भुराहरु छोड्ने कार्यलाई निरन्तरता दिईनेछ ।

### *ग. फाहोरमैला व्यवस्थापन*

❖ **स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत** फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था, युवा क्लव र विद्यालयसँग सहकार्य गरिनेछ ।फोहोरलाई कुहिने र नकुहिने गरी बर्गीकरण गर्न **सचेतनामूलक कार्यक्रम** सञ्चालन गरीनेछ ।

❖ फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने व्यवसायका लागि अध्ययन कार्यदल गठन गरी आवश्यक कार्ययोजना लागू गरिनेछ ।

❖ फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईटको स्थापनार्थ आवश्यक पुर्वाधार तयार गर्न प्रयत्न गरिनेछ ।

❖ **आँधीखोलाको सौन्दर्यलाई दिगोपन कायम गर्न बृहत आँधीखोला सरसफाई अभियान** सञ्चालन गरिनेछ । स्थानीय खोला, खोल्सीहरुमा समुदायको अगुवाईमा वातावरण स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

### घ. विपद व्यवस्थापन

- ❖ विपदका समयमा तत्काल आईपर्ने समस्या समाधानका लागि घटनास्थलमा खर्च गर्न सकिने गरी विपद व्यवस्थापन कोषलाई प्रभावकारी बनाईनेछ ।
- ❖ जलवायु अनुकुलन तथा विपद व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी विपद व्यवस्थापनमा सूचना प्रबिधीको प्रयोगलाई बढाउदै सुचना संकलन र सम्प्रेषण प्रणाली सञ्चालनमा ल्याईनेछ ।
- ❖ बाढी, पहिरो, भूकम्प, आगलागि जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्वसावधानी अपनाउँदै राहत, उद्दार र पुर्नस्थापनाका कार्यक्रमलाई मौजुदा साधन स्रोतको अधिकतम परिचालन गरी निरोधात्मक र उपचारात्मक उपायहरु प्रवर्धन गरिनेछ । अन्तर-पालिका समन्वयात्मक ढंगले कार्यक्रम र स्थानीय एकिकृत आकस्मिक सेवा सञ्चालन गरिनेछ ।
- ❖ तहगत सरकारको समन्वयमा विपद पूर्वतयारी, जोखिम आकलन, विपद पूर्व चेतावनी, विपद प्रतिकार्यको तयारी तथा विपद न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरु सञ्चालन गर्न बिद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाईनेछ।
- ❖ जलाधार क्षेत्र र तटीय क्षेत्र व्यवस्थापनका लागि तटबन्ध लगाई **जोखिम नियन्त्रण** गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। बाढी पहिरो लगायत जलवायुजन्य जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षीत स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ ।
- ❖ मुख्य तथा सहायक खोलाहरूमा नदिजन्य पदार्थको अनियन्त्रित दोहन रोक्न, जथावाभी उत्खननबाट हुन सक्ने प्राकृतिक, भौतिक तथा मानवीय क्षतिलाई न्युनीकरण गर्न दिगो, नियमित र सहज आपूर्ति सुनिश्चितता कायम गर्न पहल गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

### क. क्षमता विकासः

- ❖ टोल विकास संस्था, आमा समूह, युवा क्लब लगायत फरक क्षमता भएका र विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशिल कार्यक्रमहरुमा लाग्न उत्प्रेरित गरिने छ ।
- ❖ जनप्रतिनिधी राष्ट्रसेवक कर्मचारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ टोल विकास संस्थाका पदाधिकारी र उपभोक्ता समितिलाई क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना गरिनेछ ।

### ख. सार्वजनिक जग्गा संरक्षणः

- ❖ सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । गाउँ क्षेत्र भित्रका ऐलानी तथा प्रति जग्गाको लगत लिई संरक्षणको कार्यालाई अगाडि बढाईनेछ । ऐलानी प्रति जग्गाको उपयोग

गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु संचालन गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर भवन सटर टहरा घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

- भूमिको व्यवस्थित उपभोग गर्नको लागि भुउपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- जग्गा प्रशासन सम्बन्धी कार्यमा प्राविधिक रुपमा सहयोग गर्नको लागी प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने नीतिलाई लिईनेछ ।

## *ग. सूचना तथा संचार प्रविधी*

- गाउँपालिकाको विद्युतिय तथ्यांकको सुरक्षा गर्दै सार्वजनिक स्थानमा फ्री वाईफाई जोन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाले सम्पादन गरेका कार्यहरू पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतिय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको आँधीखोला गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ ।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रारम्भ गर्न वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको जडान गरी गाउँपालिकाबाट निगरानी गरिनेछ ।
- गाउँपालिकाका जनतालाई सहज सुचनाको पहुँच अभिवृद्धिका लागि सरोकारबालाको सहकार्यमा आवश्यक स्थानहरुको पहिचान गरी नेटवर्क टावरहरुको स्थापना गर्नका लागि पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्न आँधीखोला गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल तयार गरिनेछ साथै नागरिक वडापत्रलाई प्रविधीमैत्री बनाईनेछ।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैतीको लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टिभी जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कार्यालयका सवै शाखाहरुमा आवश्यक सफ्टवेयर जडान गरी कार्यालयलाई प्रविधी मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ ।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा Solar Power Backup जडान गरिनेछ ।
- राजश्व संकलनको एकिकृत सफ्टवेयर प्रणालीलाई अध्यावधिक गरी घरमै बसेर QR Code मार्फत राजश्व भुक्तान गर्न सकिने व्यवस्ता मिलाईनेछ ।

## घ. पेश्की बेरुजू फछ्र्यौंट सम्बन्धी नीतिः

- आर्थिक प्रशासनको वैज्ञानिक व्यवस्थापन गरी लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिदै समग्र देशको आर्थिक अवस्थाको मध्यनजर गरी सार्वजनिक खर्च कम गरी चालु खर्च घटाईनेछ । गाउँपालिकाको आय व्ययलाई चौमासिक रूपमा सूचना पार्टी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ । लेखा प्रणाली लाई सूत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिइनेछ । चेक मार्फत हुने भुक्तानीलाई डिजिटलाईज्ड गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई अगाडि बढाइनेछ । पालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायि, पारदर्शी नतिजामुखी तुल्याउनका लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्था गरी जनमुखी र नागरीक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ ।

- सेवाग्राहीको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी प्रतिज्ञा को प्रवर्द्धनका लागी **"म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागी इमान्दार भएर काम गर्नेछु"** भन्ने कार्य सस्कृतिको विकासका लागी आँधीखोलावासी आम समुदायलाई शुसासनको पूर्ण प्रत्याभूति दिलाउदै सबै प्रकारको भ्रष्टाचार प्रति शून्य सहनशिलताको नीति लिइनेछ ।
- नेपालको संविधान बमोजिम आँधीखोला गाउँपालिकामा गठित जननिर्वाचित सरकारले गरेका र दायित्व सरी आएका सम्पुर्ण आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक लगायत समग्र आँधीखोलाको विकासमा गरेका रचनात्मक, सृजनात्मक र नियमित कामको अपनत्व पूर्ण रुपमा ग्रहण गर्दै एकमुष्ठ संगालोको रूपमा आँधीखोला गाउँपालिकाको उपलब्धि मापन वार्षिक श्वेतपत्र प्रकाशन गरिनेछ ।
- स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्नका लागि साधन श्रोतको उपलब्धता मार्फत गुनासो सुनुवाई अधिकारीको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ । आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरूको सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जबाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायत अन्य सेवा ग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ।गाँउपालिकामा जनताको पहुँच सरल र सहज रुपमा होस भन्ने हेतुले विद्युतिय सुशासनका माध्यमहरूटोल फ्री टेलिफोन नं., अडियो नोटिस बोर्ड आदिको व्यवस्था गर्न प्रयत्न गरिनेछ ।
- पालिका भित्र संचालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका बिषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारि एवं गुणस्तरीय तुल्याउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरी पूर्ण क्रियाशिल तुल्याइने छ ।

## ङ. सुशासनः

- दिगो विकासका लक्ष्य हासिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबिच अन्तरआबद्धता कायम गरिनेछ ।दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरिनेछ ।

- मुख्य कार्यालयमा एकीकृत हुनेगरि ईकाई कार्यालयमा सेवा प्रबाहको एकद्धार प्रणालीको बिकास गरिनेछ ।जनगुनासो सम्बोधनका लागी हरेक वडामा गुनासो सुनुवाई केन्द्र र मोबाईल सरकारको व्यवस्था गरि सरकारी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- शाखागत कामकारबाहीको साप्ताहिक प्रतिबेदन सहितको बिवरण एकिकृत प्रणालिमा प्रबिष्टी गरी अभिलेख प्रणालीलाई जिवन्त बनाईनेछ ।
- घर घरमा प्राविधिक सेवा जनतालाई उत्पादन र निर्माणमा टेवा भन्ने मूल नारालाई सार्थकता प्रदान गर्न प्रदान गरिने सेवाहरुलाई जनमुखी बनाईनेछ ।

## *च. कर्मचारी प्रशासनः*

- कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ। कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी संख्याको एकिन गरिनेछ ।
- कर्मचारीलाई सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन **दण्ड र पुरस्कारको नीति** अबलम्बन गरिनेछ।
- कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गरी आवश्यक बिषयक्षेत्रमा पारङ्गत बनाउन र कर्मचारीको आफ्नो रुचिका आधारमा नभई कार्यप्रकृतिको आधारमा जिम्मेवारी दिने अबधारणालाई सार्थकता प्रदान गर्न आन्तरिक रुपमा **चक्रिय सरुवा** प्रणाली लागू गरी कार्यान्वयन गरिनेछ ।
- **क्षतिपुर्ति सहितको नागरिक सेवा प्रबाह** लाई जोड दिईनेछ ।सेवाग्राही र सेवाप्रदायकबीच मापदण्डका आधारमा क्षतिपूर्ति लिने दिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- कर्मचारीहरुलाई प्रविधीमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

## *छ. राजश्व*

- स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी कराधारहरुलाई उपयोग गर्दै गाउँपालिकालाई आन्तरिक आयमा सुदृढ तुल्याउन राजश्वका सबै सम्भावनाहरु र क्षेत्रहरुको खोजीका साथ प्रगतिशिल र समतामुलक कर प्रणाली लागु गरी जनतामा कर प्रतिको सचेतना अभिबृद्धि गर्दै पालिकाको आन्तरिक आय बृद्धि गर्न जोड दिईनेछ ।
- राजश्व संकलनलाई पारदर्शी तथा ब्यबस्थित बनाउन सुत्र प्रणाली मोडुलमा आवद्ध गरिने छ ।
- बस्ती बस्तीमा पुगी कर संकलन सम्बन्धिस चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि **घुम्ती शिविर** मार्फत कर संकलनको अभियानलाई प्रभावकारी बनाईनेछ ।
- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन **पुरस्कार** र दण्डको नीति अवलम्वन गरिने छ ।
- वडामा दिईने बजेटसिमा निर्धारण गर्दा संकलित राजश्व रकमलाई सिमा निर्धारणको आधार बनाउने नीति अवलम्वन गरिनेछ ।
- कर संकलनमा संलग्न कर्मचारिको मनोवलवृद्धीको लागी मौद्रिक र गैरमौद्रिक पुरस्कारको व्यवस्था गरिनेछ ।

## *ज. न्यायिक कार्य सम्बन्धी व्यवस्था:*

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैर विभेदकारी र न्याय मूलक बनाउदै **सामाजिक न्यायका** आधारमा न्याय सम्पादन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवादलाई यथासक्य चाँडो समाधान गरी **बास्तबिक न्यायको** अनुभुति गराईनेछ ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन **क्षमता विकासका** कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्यायिक समिति मार्फत कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिबाट प्रदान गरिने सेवालाई प्रभावकारी र परिष्कृत बनाउदै लगिनेछ ।

## *झ. सामाजिक सुरक्षा ,राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण*

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनको लागी कर्मचारीको लागी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- बैक मार्फत फरवार्ड फिड र रिभर्सफिड प्रणालीबाट वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्तालाई थप परिष्कृत र प्रभावकारी बनाउदै लगिनेछ ।
- Electronic Fund Transfer (EFT) प्रणाली मार्फत सामाजिक सुरक्षा भत्तालाई भुक्तानी गर्ने कार्यको थालनी गरिनेछ।

## *ञ. गैर सरकारी तथा निजि क्षेत्र*

- पालिका मित्र विभिन्न कार्यक्रम साथ संचालित राष्ट्रिय एवं अन्तराष्ट्रिय सामुदायिक एवं गैर सरकारी संघ सस्थासंग सामाजिक विकासमा साझेदारी गर्दै ति संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाई पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न "एन जि ओ डेस्क" स्थापना गरी सबै कार्यक्रमहरूलाई गाउँपालिका मातहतमा ल्याइने छ ।

- विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुप अनुसार वास्तविक कार्य नीतिमा परिणत गरिने छ । विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारीक रुपमा लागू गरिने छ ।

***आदरणीय सभा सदस्य ज्यूहरु,***

सामाजिक-आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्ताब गरेको छु । आर्थिक सामाजिक क्षेत्र थप गतिशिल हुनेछन, पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ र **समृद्द नेपाल सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न कोशेढुङ्गा सावित हुनेछ ।

आँधीखोला गाउँपालिकाको समृद्दि र विकासमा एकाकार भई विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबिच एकता, सामाजिक, सास्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा गाँउपालिका भित्रका विभिन्न राजनैतिक दल, वुद्धिजीवि, समाजसेवी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चारजगत लगायत सम्पूर्ण आमा बुवा दाजुभाई दिदिबहिनीहरुलाई विशेष धन्यबाद दिन चाहन्छु । साथै भविष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु ।

आँधीखोला गाँउपालिकाको विकासको मार्गदर्शनको रुपमा प्रोत्साहित र सकारात्मक आलोचनालाई स्वागत गरी यस नीति तथा कार्यक्रमको तर्जुमा गर्नका सुझाव सल्लाह दिनुहुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी ,राजनीतिक दलका प्रतिनिधि लगायत सम्पूर्ण आँधीखोलावासी जनतालाई हृदयदेखी नै धन्यवाद दिन चाहन्छु र यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध आँधीखोला निर्माणमा समेत सबैको सकारात्मक भूमिका रहनेछ भन्ने अपेक्षा गरेको छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरू प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

*धन्यवाद नमस्कार ।*

*विश्वनाथ पौडेल*
*अध्यक्ष*
*आँधीखोला गाउँपालिका*

*मितिः २०८०/०३/०७*